# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपाल र बङ्गलादेशका पूर्व गभर्नर डा. रहमानबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपाल र बङ्गलादेशका पूर्व गभर्नर डा. रहमानबीच २०७४ साल कात्तिक २८ गते नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयमा भेटवार्ता भयो । आर्थिक तथा वित्तीय मुद्दाहरु समेटिएको सो भेटवार्तामा वित्तीय क्षेत्रको सुरक्षा र विषेश गरी स्वीफ्ट ह्याक र यसबाट वित्तीय क्षेत्रमा उत्पन्न हुने जोखिमको कसरी निराकरण गर्न सकिन्छ भन्ने बारे छलफल भयो ।



उक्त भेटवार्तापछि डा. रहमानले गभर्नर डा. नेपाल र डेपुटी गभर्नर शिवराज श्रेष्ठ लगायत नेपाल राष्ट्र बैंकका उच्च तहका पदाधिकारीहरुमाझ "Developmental Role of Financial Sector" विषयमा प्रस्तुतीकरण गर्नुभयो । केन्द्रीय बैंकहरुको भूमिका मुद्रास्फीति नियन्त्रणमा मात्र सीमित नभई सन्तुलित विकासमा समेत रहन्छ भन्ने विचारमा आधारित रहेको उक्त प्रस्तुतीकरणमा डा. रहमानले बङ्गलादेशमा केन्द्रीय बैंकले ग्रामीण अर्थतन्त्रको विकास र वित्तीय समावेशीकरणको लागि चालेको विभिन्न कदमहरु बारे व्याख्या गर्नुभयो । यस अन्तर्गत विभिन्न प्रकारका कृषि पुनरकर्जा, शाखारहित बैंकिङ, मोबाइल बैंकिङ, वाणिज्य बैंकहरु मार्फत लघुवित्तको क्षेत्रमा थोक कर्जा, बैंकहरुको सामाजिक उत्तरदायित्व अन्तर्गत जेहेन्दार गरीब छात्र, छात्राहरुलाई छात्रवृत्ति आदि विषयहरुमा डा. रहमानले आफ्नो कार्यकालमा लिइएका विभिन्न नीतिगत प्रयासहरुबारे प्रकाश पार्नुभयो ।

अन्तरक्रियात्मक रहेको उक्त कार्यक्रममा डा. रहमान र नेपाल राष्ट्र बैंकका तर्फबाट विभिन्न पदाधिकारीहरुबीच कृषि कर्जा, बङ्गलादेशको विदेशी विनिमय सञ्चिति, केन्द्रीय बैंकको स्वायत्तता र हरित अर्थतन्त्रमा केन्द्रीय बैंकको भूमिका लगायतका विषयहरुमा छलफल भयो ।




कार्यक्रमको अन्त्यमा बोल्नुहुँदै गभर्नर डा. नेपालले डा. रहमानलाई उहाँको उत्कृष्ट प्रस्तुतीको लागि धन्यवाद दिनुभयो । मूल्य नियन्त्रण केन्द्रीय बैंकको मुख्य दायित्व भएतापनि सरकारको बजेट र आर्थिक वृद्धिको लक्ष्यलाई सघाउने जिम्मेवारी समेत केन्द्रीय बैंकले पाएको हुनाले संसारभरि नै केन्द्रीय बैंकले ल्याउने मौद्रिक नीतिले विशेष महत्व र चासो पाउने कुरा गभर्नर डा. नेपालले राख्नुभयो । अन्त्यमा, गभर्नर डा. नेपालले ग्रामीण अर्थतन्त्रको विकास र वित्तीय समावेशीकरणका क्षेत्रहरुमा बङ्गलादेशका सफल प्रयासहरुबाट नेपालले समेत शिक्षा लिन सक्ने कुरामा जोड दिनुभयो ।

२०७४ कार्तिक २८, मंगलबार

गभर्नरको कार्यालय